आज मिति २०७६ साल कार्तिक ०६ गते बिहान ८:०० बजे मनहरी गाउँकार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष श्री एकराज उप्रेती ज्यू को अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितिमा बसी निम्नानुसार निर्णय गरियो ।

<u>उपस्थिति</u>

| | | |
|---|---|---|
| श्री एकराज उप्रेती | गांउपालिका अध्यक्ष | अध्यक्ष |
| श्री मनिला विष्ट | गाउँपालिका उपाध्यक्ष | उपाध्यक्ष |
| श्री आनन्द घलान | २ नं. वडा अध्यक्ष | सदस्य |
| श्री गोपिलाल मोक्तान | ६ नं. वडा अध्यक्ष | सदस्य |
| श्री ठाकुरराम तितुङ्ग | ७ नं. वडा अध्यक्ष | सदस्य |
| श्री दिलबहादुर स्याङ्तान | ८ नं. वडा अध्यक्ष | सदस्य |
| श्री ध्रुव खड्का | ४ नं. वडा अध्यक्ष | सदस्य |
| श्री मान बहादुर स्याङ्तान | ३ नं. वडा अध्यक्ष | सदस्य |
| श्री साधुराम अधिकारी | ९ नं. वडा अध्यक्ष | सदस्य |
| श्री शिव प्रसाद खनाल | १ नं. वडा अध्यक्ष | सदस्य |
| श्री शुभराज थिङ्ग | ५ नं. वडा अध्यक्ष | सदस्य |
| श्री कृष्ण विडारी | महिला सदस्य | सदस्य |
| श्री पम्फा रोका | महिला सदस्य | सदस्य |
| श्री राधा देवि खकुराल पाठक | महिला सदस्य | सदस्य |
| श्री राममाया प्रजा चेपाङ | महिला सदस्य | सदस्य |
| श्री गीता कुमारी प्रजा | दलित वा अल्पसंख्यक सदस्य | सदस्य |
| श्री देवराज चौलागांई | प्रमुख प्रशासकीय अधिकृत | सचिव |

<u>आमन्त्रित/बैठक सहयोगी</u>

निर्णय प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

एकराज उप्रेती
अध्यक्ष

**निर्णय नं.१**

मनहरी गांउपालिका वडा नं ३ लामिटार स्थित यस कार्यालयद्वारा निर्माण गरिएको गांउ सभाहल तथा नवज्योति प्रा.बि.को भवन समेतलाई क्षति पुर्याउने सम्भावना भएकोले यस अघि त्यस भवन वरपर रहेका दुइ वटा जिर्ण रुख कटान गरि हटाउन तथा सोही रुख छेउबाट गएको हाइटेन्सन बिधुत लाईन वर पर सार्ने काम गरि सम्भाव्य दुर्घटना टारीदिन हुन भनि नेपाल बिधुत प्राधिकरण एबम् पर्सा राष्ट्रीय निकुञ्ज समतेलाई अनुरोध गरेकोमा नेपाल बिधुत प्राधिकरणको मौखिक अनुरोधमा पछि ल.ई.बमोजिम काम सम्पन्न भएपछि भुक्तानी गर्ने गरि बिधुत लाईन सार्नकोलागी नेपाल बिधुत प्राधिकरणलाई भुक्तानी गर्न बिपद व्यबस्थापन कोषबाट रु.२००००० बिनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२**

२०७२ सालको भुकम्पबाट पिडित यस गांउपालिका वडा नं ६ का बासिन्दाहरुले वडा नं ६ कै जोगीतालमा १० घर सम्मिलित एकिकृत बस्ती निर्माण गरि सुरक्षित स्थानमा बस्ति स्थानान्तरण गरि बिकास गर्न आबस्यक सहयोग र सिफारिस गरिदिन वडा नं ६ को कार्यालय सुनाचुरीबाट समेत अनुरोध भइ आएकोले निजहरुले छनौट गरेको सो स्थानमा एकिकृत बस्ति निर्माणकोलागी स्वीकृत प्रदान गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं.३**

यस अघि कार्यालयमा प्राबिधिक अमिन पद (चौथो तह) रिक्त रही बिज्ञापन गरिएकोमा पदपुर्ति समिति समेतको सिफारिसको आधारमा मिति २०७६/०६/१२ को कार्यपालिका बैठकबाट सो सम्बन्धि सबै प्रकृया रद्ध गर्ने निर्णय भएकोमा अर्को व्यबस्था नभए सम्म नियमानुसार प्राबिधिक अमिन करार गरि नियुक्त गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने निर्णय गरियो ।

**निर्णय नं ४.**

मनहरी गांउपालिका वडा नं १ स्थित चकरी-लामिटार मुल सडक अन्तर्गत मकरी देखि मुल सडक खण्डमा निर्माण भएको करीब २७ मी. रिटेनिङ्ग वाल गत श्राबण/भाद्रमा भएको भारी बर्षातको कारण भुक्तानी अगावै भत्कन पुगेकोमा दैबि प्रकोपको कारण काबु बाहिरको परिस्थिति परि क्षति ग्रस्त भएको ठहर गर्दै पछि नियमानुसार मर्मत वा पुनर निर्माण गर्ने गरि हाल सो सम्बन्धि तयार भएको प्राबिधिक प्रतिबेदन तथा मुल्यांकन समेतको आधारमा माग भएको रकम भुक्तानि दिने निर्णय गरियो ।

**निर्णय नं ५**

मनहरी गांउ पालिका वडा नं ९ मा कार्यालय रहने तथा गांउपालिका क्षत्रभर कार्य संचालन गर्ने गरि प्रारम्भिक भेलाको निर्णय सहित दर्ताको लागी अनुरोध गर्दै निबेदन पेश गर्ने मनहरी समृद्ध बहुमुखि सहकारी संस्थालाई आबस्यक कागजातको अध्ययन पश्चात नियमानुसार सहकारी दर्ता गरि कारोबार गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं ६**

निरा[illegible] प्रसाद … प्रमुख प्रशासकीय अधिकृत

एकराज उप्रेती अध्यक्ष

संघिय सरकारको बिभिन्न कानुन /कार्यबिधिमा उल्लेख भएको आधारमा नेपाल राजपत्रमा प्रकाशित राष्ट्रीय निकुञ्ज भित्रको मध्यवर्ति क्षेत्रको हालको सिमाङ्कन राष्ट्रिय राजमार्गको सेतो धर्सा मुनिको भुभाग भन्ने शब्दले मनहरी गांउपालिकाको हकमा स्थानिय बासिन्दाहरुलाइ परेको समस्या तथा बिबिध प्रकारको मर्कालाई मध्यनजर गर्दै सो सिमाङ्कनको शाब्दिक व्याख्यालाई परिमार्जन गरि मध्यबर्ती क्षेत्रको सिमाना राप्ती खोलाको भल बग्ने किनारालाई सिमानको रुपमा कायम गरिदिन सम्बन्धित नियकाहरुमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं ७

कार्यालयको काममा सहजता ल्याउन एक थान १५० सी.सी.क्षमताको मोटर साईकल आबस्यक रहेकोले कन्टीन्जेन्सी शिर्षकबाट भुक्तानि हुने गरि एक थान मोटर साईकल खरीद गर्न रु.२५००००।बिनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं ८

वडा नं ६ मा रहेको रुपाचुरीमा खानेपानी आयोजनाहरु मर्मत गरी सुचारु गर्नुपर्ने भएकोले सो कामको आबस्यक ल.ई. लगायत कार्यगरि प्रतिबेदन पेश गर्न ईन्जिनियर उत्तम उप्रेती समेतको टोलि खटाउने गर्ने निर्णय गरियो ।

निर्णय नं ९

आ.ब.०७६/०७७ को बार्षिक बजेटमा समाबेश भएको वडा नं ७ को मनकामना टोल स्लाब ढलानमा बिनियोजित रु.१५००००।को योजनालाई सोही वडाको नमुना बस्तीमा स्लाब ढलान गर्ने गरि योजनाको नाम परिबर्त गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं १०

यही २०७६ साल पौष २५ गतेका दिन मनहरी गांउपालिकालाई देशकै पहिलो बालमैत्री गांउपालिका घोषणा गर्ने योजना रहेकोले सोको लागी गर्नुपर्ने पूर्व तयारी लगायतका कार्यक्रमहरु सफलताका साथ सम्पन्न गर्न गा.पा. अध्यक्ष/उपाध्यक्ष सबै वडाका अध्यक्ष,कार्यापालिका सदस्य,कर्मचारी लगायत सबै कर्मचारीहरु समेतले आ-आफ्नो स्थानबाट पूर्ण सहयोग गर्ने प्रतिबद्धता सहितको निर्णय गरियो ।

निर्णय नं ११

वडा नं ८ मा रहेको खानेपानी योजनामा रहेको मोटर पम्पबाट खानेपानी सप्लाई गर्न बिधुत भोल्टेज नियमित नभएकोकारण समस्या परेकोले एक थान स्टेपलाईजर खरीद गरि उपभोक्तालाई उपलब्ध गराउन बिपद व्यबस्थान कोषबाट रु.३०००० बिनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं १२

निर्णय प्रमाणित
प्रमुख प्रशासकीय अधिकृत

एकराज उप्रेती
अध्यक्ष

वडा नं ५ मा रहेको सूर्य किरण युवा क्लबले मिति २०७६/७/१० गते वडा नं ५ कै भोजशिद्ध मा.बि.को प्रङ्गणमा आयोजना गर्न लागेको बृहद सांस्कृतिक कार्यक्रमको लागी चालु भैपरी आउने शीर्षकबाट रु.२५००० बिनियोजन गरि आर्थिक अनुदान स्वरुप सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं १३**

मनहरी गांउपालिका वडा नं ६ निबासी पूर्णबहादुर राईले आफ्नो निजि हकभोगको साबिक मनहरी गा.बि.स. वडा नं ५ हाल वडा नं ६ स्थित कि.नं ८९ क्षेत्रफल ०-१७-९.५० को जग्गाको माथिल्लो भागमा रहेको माटो काटेर अन्यत्र पठाउन पर्ने त्यसो नगरेमा माथ्लो जग्गामा सिंचाई बिस्तार गर्न समस्या पर्ने लगायतको कारण देखाई माटो कटान गरि खैरहनी न.पा.वडा नं ८ पर्षा सम्म निकासी गर्न अनुमति मागेकोले अनुमती प्रदान गर्न भनि वडा नं ६ कार्यालयबाट सिफारिस समेत भई आएको आधारमा यस कार्यालयबाट प्राबिधिक खटाउने र प्राबिधिक प्रतिबेदनमा उल्लेख भएको शर्त बमोजिम उत्खनन् अनुमती दिनेगरि र नियमानुसार प्रदेश कानुन बमोजिमको निकासि शुल्क गा.पा.लाई बुझाउने गरि माटो उत्खनन् कार्यको अनुमती प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं १४**

मनहरी गांउपालिका वडा नं ७ मा रहेको रमनटार युवा क्लबले मिति २०७६/०७/०४ देखि ऐ ७ गते सम्म संचालन गरीरहेको मनहरी रनिङ्ग सिल्ड भलिबल प्रतियोगीताको लागी आर्थिक सहायता तथा उपचार सहयोग कोष बाट बिनियोजन गरि रु.२५००० अनुदान सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं १५**

गांउसभाद्धारा आ.ब.२०७६/०७७ को लागी प्रत्यक वडामा बिनियोजित समपुरक कोष अन्तरगतका आयोजनाहरुका लागी सभाबाट बिनियोजित रु.२५ लाख मात्रमा प्रदेश तथा संघिय सरकारका संबन्धित निकायबाट समपुरक कोषमा रकम थप नहुने प्राबधान देखिएकोले यस अघि संघ तथा प्रदेश सरकार मातहतका निकायहरुमा अन्य योजनाहरुनै माग गरि प्रेषण गरिसकिएको हुंदा गांउसभाबाट बिनियोजित आयोजनाहरु आफ्नै श्रोतबाट मात्र संचालन गर्ने गरि सबै वडामा उपभोक्ता समिति गठनकालागी लेखि पठाउने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

एकराज उप्रेती
अध्यक्ष